नेपाल सरकार
राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं

पत्र संख्याः-
चलानी नं.:-

# प्रेस विज्ञप्ती

सम्माननीय प्रधानमन्त्री एवम् राष्ट्रिय विकास समस्या समाधान समितिका अध्यक्ष **श्री केपी शर्मा ओलीज्यू** को अध्यक्षतामा समितिको ४७औं बैठक राष्ट्रिय योजना आयोगको सभाकक्ष सिंहदरबारमा आज सम्पन्न भयो। बैठकमा माननीय उपप्रधानमन्त्री, माननीय मन्त्रीहरु, सातवटै प्रदेश सरकारका माननीय मुख्यमन्त्रीहरु, राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष, माननीय महालेखापरिक्षक, माननीय महान्यायाधिवक्ता, सम्माननीय प्रधानमन्त्रीका मुख्य सल्लाहकार, परराष्ट्र सल्लाहकार, प्रेस सल्लाहकार तथा आर्थिक विकास सल्लाहकार, नेपाल सरकारका मुख्य सचिव, आयोगका माननीय सदस्यहरु, सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार, नेपाल सरकारका सचिवहरु तथा अन्य विशिष्ट पदाधिकारीहरुको उपस्थिति रहेको थियो।

बैठकको शुरुवातमा राष्ट्रिय योजना आयोगका सदस्य सचिव श्री लक्ष्मण अर्यालले स्वागत मन्तव्य तथा कार्यक्रमका विषयवस्तुबारे जानकारी गराउनु भएको थियो। तत्पश्चात सम्माननीय प्रधानमन्त्रीज्यू एवम् राष्ट्रिय योजना आयोगका अध्यक्षज्यू समक्ष आयोगको आ.व. २०७५/७६ को वार्षिक प्रतिवेदन आयोगका माननीय उपाध्यक्षज्यूले पेश गर्नु भएको थियो । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १७ मा भएको व्यवस्था अनुसार राष्ट्रिय आयोजना बैंकको कार्यान्वयनको लागि तयार भएको राष्ट्रिय आयोजना बैंक (National Project Bank) र सोको सूचना व्यवस्थापन प्रणाली (National Project Bank Management Information System) का सम्बन्धमा आयोगका माननीय सदस्य ई. सुशील भट्टले संक्षिप्त प्रस्तुति गर्नु भएको थियो । त्यसलगत्तै सम्माननीय प्रधानमन्त्रीज्यूले राष्ट्रिय आयोजना बैंक सूचना व्यवस्थापन प्रणाली को शुभारम्भ गर्नु भएको थियो । बैठकमा आयोगका माननीय उपाध्यक्ष प्रा.डा. पुष्पराज कंडेलबाट आ.व. २०७६/७७ को प्रथम चौमासिक अवधिको प्रगति स्थितिमा आधारित भएर समष्टिगत आर्थिक सूचकहरु, प्रमुख आर्थिक परिसूचकहरु, यस अवधिमा मन्त्रालयहरुमा बिनियोजित बजेट र खर्चको अवस्था, पहिलो प्राथमिकता प्राप्त कार्यक्रम तथा आयोजनाहरुको प्रगति, राष्ट्रिय गौरवका आयोजनाहरुको हालसम्मको समष्टिगत प्रगति, भूकम्पपछिको पुनःनिर्माणमा भएको प्रगति, समितिको ४३, ४४, ४५ र ४६ औं बैठकका निर्णयको कार्यान्वयन स्थिति र अन्तरमन्त्रालय प्रकृतिका समस्या र तिनको समाधानका लागि प्रस्तावित उपायहरु समेटिएको प्रस्तुति भएको थियो। साथै, प्रदेश सरकारहरुबाट ४७औं रा.वि.स.स. समितिको बैठकका लागि पठाइएका मुख्य मुख्य सवालहरु समेत उक्त प्रस्तुतिले समेटेको थियो।

फोनः ४२११००४, ४२१११०३२, ४२१११३२, फ्याक्सः ४२११७००, ईमेलः npc@npc.gov.np, वेवसाईटः www.npc.gov.np

नेपाल सरकार
# राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं

पत्र संख्याः-
चलानी नं.:-

सम्माननीय प्रधानमन्त्री एवम् राष्ट्रिय विकास समस्या समाधान समितिका अध्यक्ष श्री केपी शर्मा ओलीले बैठकलाई सम्बोधन गर्दै यस बैठक गरिरहँदा विकासको बर्तमान अवस्था, आयोजना र कार्यक्रमको प्रगति र विकासका अवरोधहरु हटाउने विषयमा समीक्षा गरी कार्यान्वयनमा प्रभावकारीता ल्याउनु पर्ने तथा राष्ट्र प्रगतिको पथमा रहे तापनि वार्षिक बजेटको तुलनामा प्रथम चौमासिकको पूँजिगत खर्च लक्ष्य अनुरुप हुन नसकेको हुँदा हाम्रा सरकारी निकायका पूँजीगत खर्च गर्ने क्षमतामा सुधार गर्न निर्देशन दिनुभयो । पछिल्ला वर्षहरुमा दातृ निकायबाट स्रोत व्यहोरिएका आयोजनाको खर्च गर्ने क्षमता कमजोर रहेकोले यसमा समेत थप सुधार गर्न निर्देशन दिनुभयो ।

सम्माननीय प्रधानमन्त्रीज्यूले आयोजना तर्जुमा तथा व्यवस्थापनमा सुशासन कायम गर्न राष्ट्रिय योजना आयोगमा राष्ट्रिय आयोजना बैंकको स्थापना भएको, यस प्रणालीलाई थप आधुनिकिकरण गरी कार्यान्वयन गर्ने काम राष्ट्रिय योजना आयोगबाट हुने र आगामी आ.व. को बजेट तथा कार्यक्रम यसै प्रणालीबाट बनाउने गरी कार्यान्वयनमा जान निर्देशन दिनु भयो ।

बैठकको अन्त्यमा माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्रीज्यूले यस राष्ट्रिय विकास समस्या समाधान समितिका ४३, ४४, ४५ र ४६ औं बैठकमा भएका निर्णयहरु सम्पूर्णतामा कार्यान्वयन हुन अझै बाँकी रहेको अवस्था देखिएको हुँदा आगामी दिनमा यी निर्णयहरुलाई सशक्त ढङ्गले पूरा गर्नुपर्ने, सरकारका सबै अंग र तहले समन्वयात्मक ढंगले काम गर्नुपर्ने र प्रदेश सरकारका महत्वपूर्ण सवालहरुलाई समेत आवश्यक समन्वय गरी समाधान गर्न आयोगले सहजीकरण गर्नुपर्ने विषयमा जोड दिनु भयो । राजनैतिक प्रणालीमा परिवर्तन आएको तर यो परिवर्तन अनुकूलको नीति, कानून, संरचनाहरु निर्माण गर्दै हामीले आफूलाई अद्यावधिक गर्दै लानुपर्ने आवश्यकता रहेको हुँदा सबैले इमान्दारी र अनुशासितरुपमा आफ्नो जिम्मेवारी सम्पादन गर्दै जानुपर्नेमा जोड दिनु भयो ।

(डा. किरण रुपाखेती)
सहसचिव एवम् प्रवक्ता
राष्ट्रिय योजना आयोग

मितिः २०७६ माघ २६ गते, आइतबार

फोनः ४२११००४, ४२१११०३२, ४२१११३२, फ्याक्सः ४२११७००, ईमेलः npc@npc.gov.np, वेवसाईटः www.npc.gov.np